# श्री सृष्टि सामुदायिक वन उपभोक्ता समूह,

सरावल १, नवलपरासी (ब.सु.प.)

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रि सुचना

पहिलो पटक सूचना प्रकाशन मिति : २०८१।५।२७

श्री सृष्टि सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादित भई समुहको घाटगद्दीमा लट नं. १ कायम भएको निम्न परिमाणको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्न पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ, संस्था फर्म वा कम्पनिले यो सूचना बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।

१. वन पैदावारको विवरण :

| वन पैदावारको विवरण | | | | | मुल्याङ्कन (रु) | |
|---|---|---|---|---|---|---|
| लट न | जात | ग्रेड | थान | परिमाण (क्यू.फि.) | न्यूनतम | संकलन खर्च |
| १ | साल | ए | १५ | २४०.२४ | ३००३००/- | गोलिया काठ प्रति क्युफि. रु १३९.१५ |
| | | बी | ६१ | ८७८.२८ | ७९०४५२/- | |
| | | सी | १२९ | ५१५.१७ | ३०९१०२/- | |
| | | डी | १४ | २४.०४ | ७२१२/- | |
| जम्मा | | | २१९ | १६५७.७४ | १४०७०६६/- | |

२. बोलपत्र खरिद दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :

खरिद गर्ने : क) अन्तिम मिति : २०८१।६।१६ (ख) समय : बेलुका ५ बजे सम्म

दाखिला गर्ने : क) अन्तिम मिति : २०८१।६।१७ ख) समय : दिउसो २ बजे सम्म

३. बोलपत्र सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालय, नवलपरासीबाट खरिद र दाखिला गर्न सकिनेछ।

४. बोलपत्रसाथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम बोलपत्र आव्हान गरेको यस सामुदायिक वनको नाममा राष्ट्रिय वाणिज्य बैंक, बर्दघाटमा रहेको खाता नं. ३३३०१००००१९०५००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ।

५. बैंड जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनु पर्नेछ।

६. बोलपत्र फारम लटको रु. १०००।- (एक हजार मात्र) पछि फिर्ता नहुने गरी समूहको बैक खातामा वा नगद जम्मा गरी खरिद गर्नु पर्नेछ।

७. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस तोकिएको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ।

८. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, अद्यावधिक सुची दर्ता प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (पि.ए.एन.) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नुपर्नेछ।

९. निर्धारित न्यूनतम सख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरू मिति २०८१।५।२० मा दिनको ३:०० बजे साक्षीका रोहवरमा खोलिने छ।

१०. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दस) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

११. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुवैमा लेख्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ।

१२. बोलपत्रमा केरमेट भएमा, हस्ताक्षर नभएमा, छाप नभएमा, सकार रकमको अंक र अक्षर नमिलेमा, लट अनुसार परिमाण नमिलेमा बोलपत्र मान्य हुने छैन।

१३. बोलपत्र खरिद वा दाखिला गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन बोलपत्र खरिद वा दाखिला गर्न सकिनेछ।

CS CamScanner